# झिमरुक गाउँपालिका

"झिमरुक गाउँपालिका लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाई आयोजनामा अनुदान उपलब्ध सम्बन्धी कार्यविधि २०८१"

गाउँ कार्यपालिकाबाट पारित मिति :-२०८१-०८-१२

प्रमाणीकरण मिति :-२०८१-०८-१८

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनि प्रदेश, नेपाल

## "झिमरुक गाउँपालिका लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाई आयोजनामा अनुदान उपलब्ध सम्बन्धी कार्यविधि २०८१"

**परिचय :-** झिमरुक गाउँपालिका भित्रका जनतालाई स्वच्छ, गुणस्तरीय, सर्वसुलभ र सुरक्षित रुपमा खानेपानी सेवा तथा उत्पादनमा वृद्धिको लागि जमिनमा सिंचाइ पुर्याउने उद्देश्यले झिमरुक गाउँपालिकाको नीति बमोजिम बिद्यमान लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाई आयोजनामा अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकोले बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि  यो कार्यविधि वनाई जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिक नाम " झिमरुक गाउँपालिका लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाई आयोजनामा अनुदान उपलब्ध सम्बन्धी कार्यविधि २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति लागू हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क. "**गाउँपालिका**" भन्नाले झिमरुक गाउँपालिका सम्झनुपर्दछ ।

ख. "**कार्यपालिका**" भन्नाले झिमरुक गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

ग. "**अध्यक्ष**" भन्नाले झिमरुक गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

घ. "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले झिमरुक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

ङ. "**व्यवस्थापन/समन्वय समिति**" भन्नाले लिफ्ट खानेपानी तथा लिफ्ट सिचाइ दर्ता भएका उपभोक्ता समितिहरुलाई विद्युत महशुल भुक्तानी कार्यक्रमलाई सु-व्यवस्थित तवरले सञ्चालन गर्ने र अनुगमन मूल्याङकन गर्ने समेतको समितिलाई बुझ्नु पर्दछ ।

च. "**वडा कार्यालय**" भन्नाले झिमरुक गाउँपालिका अन्तर्गतका बडा कार्यलयहरु सम्झनु पर्दछ ।

छ. "**उपभोक्ता समिति**" भन्नाले झिमरुक गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्वन्धि कार्यविधि, २०८० बमोजिम दर्ता भएको संस्था वा कुनै सरकारी निकायमा कानुन सम्वत रुपले दर्ता भएको सम्झनु पर्दछ ।

### परिच्छेद-२
### उद्धेश्य तथा क्षेत्र

**३. उदेश्यः-** (१) विद्युत महशुल भुक्तानी गर्न कठीनाई भई खानेपानी तथा सिंचाइमा पर्याप्तता नभएको कारण खानेपानी सरसफाई तथा खेती योग्य जमिनलाई समेत समस्या परेकोले महशुल भुक्तानीमा भुक्तानी कार्यक्रम संचालन गर्नु यसको मुख्य उदेश्य रहेको छ ।

४. **क्षेत्रः-** (१) निजी प्रयोजन बाहेक समुदायहरुको लागि लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले निर्माण भएका गाउँपालिका क्षेत्र भित्रका सबै विद्युतीय लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाइ उपभोक्ता समितिहरु यसको क्षेत्र अन्तर्गत पर्दछन् ।

## परिच्छेद-३
## व्यवस्थापन तथा समन्वय समिति सम्बन्धी व्यवस्था

५. **व्यवस्थापन तथा समन्वय समितिः-** (१) लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाइ आयोजनामा अनुदान उपलब्ध सम्बन्धी कार्यक्रमलाई व्यवस्थित ढंगले अगाडि बढाउन देहाय वमोजिम एक व्यवस्थापन तथा समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ङ. सम्वन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| च. खानेपानी तथा सरसफाई टेक्निसियन | सदस्य |
| छ. योजना अनुगमन तथा तथ्याङ्क शाखा प्रमुख | सदस्य-सचिव |

(२) व्यवस्थापन तथा समन्वय समितिको बैठकमा आवश्यकता अनुसार खानेपानी तथा सिंचाइ क्षेत्रमा कार्यक्रम संचालन गर्ने व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छ ।

(५) समितिका पदाधिकारीहरुलाई बैठक भत्ता गाउँपालिका अन्य समितिका पदाधिकारीहरुले पाए सरहको उपलब्ध हुनेछ ।

६. **व्यवस्थापन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकारः-** (१) व्यवस्थापन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाई आयोजनामा अनुदान उपलब्ध सम्बन्धी नीति निर्धारण गर्ने,

ख. स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

ग. खानेपानी तथा सिँचाईको क्षेत्रमा कार्य गर्ने अन्य निकायहरुसँग समन्वय गर्ने,

घ. समितिले आफूले गरेको कामको अभिलेख राखु पर्नेछ ।

## परिच्छेद ४
## कार्यान्वयन प्रकृया

**७. कार्यक्रम कार्यान्वयनः-** (१) लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाई आयोजनामा अनुदान उपलब्ध सम्बन्धी कार्य निम्न प्रकृयाबाट कार्यान्वयन गरिनेछः-

क. खानेपानी मुहान दर्ता अर्न्तगत दर्ता भई प्रमाण पत्र लिई समुदाय वस्तीमा खानेपानी सुविधा उपलब्ध गराउने उद्देश्यले संचालन भएको उपभोक्ता समितिहरुले यो सुविधामा सहभागी हुन पाउनेछन् ।

ख. कम्तीमा १० घर धुरी भन्दा वढीको लागि सेवा पुर्याउने उद्देश्यले स्थापना भएको खानेपानी मुहान दर्ता उपभोक्ता समितिहरु यो कार्यक्रममा लाभग्राही हुनेछन्।

ग. विद्युतीय महसुल अनुदान प्रासि कार्यक्रममा सहभागी हुन चाहने समितिले वील भुक्तानी गरी रसिद वा कार्डको फोटोकपी संलग्न राखिएको हुनु पर्नेछ ।

घ. एक आर्थिक वर्षको वील अर्को आर्थिक वर्षमा भुक्तानी गर्न सकिने छैन ।

ङ. चालु आ.व.को श्रावण महिना देखिको विद्युत महसुलको ५० प्रतिशत रकम अनुदानको रुपमा गाउँपालिकाले छनौट भएका समितिको सम्बन्धीत विद्युत कार्यालयको खातामा भुक्तानी गरिनेछ ।

च. अनुदान प्रासिको लागि गाउँपालिकाको कार्यालयले १५ (पन्ध्र) दिने सूचना प्रकाशित गर्नेछ । तोकिएको समयावधि भित्र अनुसूची १ बमोजिमको ढाँचामा प्राप्त भएका निवेदनहरुलाई मात्र विद्युत महसुल सम्बन्धी अनुदानको लागि प्रकृयामा लगिनेछ ।

छ. समितिका प्रत्येक घरधुरीले नियमित प्रति महिना रु. १५०। का दरले मर्मत सम्भार कोष जम्मा गरेको हुनु पर्नेछ ।

## परिच्छेद-५
## विविध

**८. संशोधनः-** गाउँ कार्यपालिकाको निर्णयबाट आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सकिनेछ ।

**९. बाधा अड्काउ फुकाउनेः-** यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ।

अनुसूची-१

(दफा ७ को (च) सँग सम्बन्धित)

लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाई आयोजनामा अनुदान उपलब्ध सम्बन्धी

मिति :-

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
झिमरुक गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान ।

विषयः- अनुदान प्राप्तिको लागि निवेदन पेश गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा झिमरुक गाउँपालिकाको मिति ....................को सूचना अनुसार लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाई आयोजनामा अनुदान उपलब्ध सम्बन्धी लागि तपसिल बमोजिमको कागजातहरु सहित यो निवेदन पेश गरिएको व्यहोरा सादर अनुरोध छ ।

संग्लन कागजात :

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि,
२. विधानको प्रतिलिपि,
३. प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,
५. अनुदान प्राप्तिको सम्बन्धी संस्थाको तर्फवाट भएको निर्णयको प्रतिलिपि,
६. वडा कार्यालयको सिफारिस

निवेदक
दस्तखत :-
नाम :-
पद :-
संस्थाको नाम :-
ठेगाना :-

झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८१/०८/१२ गते पारित यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणिकरण गर्दछु ।

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत
मिति :- २०८१/०८/१८